नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

# एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृति सम्बन्धी प्रेश विज्ञप्ति

नागरिकलाई व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिमा सहजीकरण लगायतका श्रम तथा रोजगार सम्बन्धी सेवा तथा सुविधा स्थानीय तहबाटै एकीकृत रुपमा प्रदान गर्न मन्त्रालयले **एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०** स्वीकृत गरी लागु गरेको छ।

सो कार्यविधि अनुसार स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र मार्फत श्रम बजार सम्बद्ध सूचनाको सङ्कलन तथा विश्लेषण गर्ने, आन्तरिक रोजगार प्रवर्द्धन, सीप र क्षमताको अन्तरविश्लेषण गरी रोजगारउन्मुख सीप प्रदान गर्ने संयोजन तथा सञ्चालन, वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श ,वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुन: एकीकरण, स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यावसायिक योजना निर्माणमा सहयोग, श्रम र रोजगार सम्बन्धी सूचना प्रणाली सञ्चालन गर्ने लगायतका एकीकृत श्रम तथा रोजगार सम्बन्धी क्रियाकलापहरू स्थानीय तहको माग र आवश्यकता अनुसार संचालन गरिने छ। उत्पादनशील रोजगार सिर्जना गर्न सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ। यसको अतिरिक्त श्रम बजारमा रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्न आवश्यकता र मागको आधारमा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई नमूना रोजगार सेवा केन्द्रको रुपमा सञ्चालन गर्न सकिने व्यबस्था समेत कार्यविधिमा रहेको छ।

कार्यविधिको कार्यान्वयन पश्चात नागरिकले श्रम र रोजगार सम्बन्धी सबै सेवाहरु आफ्नै स्थानीय तहवाट प्राप्त गर्न सक्षम हुने विश्वास लिइएको छ।

कविराज उप्रेती
सहायक प्रवक्ता/उपसचिव

मितिः २७ वैशाख २०८०

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np